आठराई गाउँपालिका

[illegible]

# गाउँ कार्यपालिकाको कार्यालय

संक्रान्तिबजार, तेह्रथुम

प.सं: २०८३/०८४

च.नं.

(कोशी प्रदेश, नेपाल)

मिति: २०८३/०६/०६

ने.सं. ११४६ ञंलाथ्व, एकादशी

## सूचना !　　सूचना !!　　सूचना !!!

आठराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय संक्रान्तिबजार, तेह्रथुमको फुसको छाना हटाई जस्तापाता वितरण सम्बन्धी कार्यविधि, २०८३ को दफा ९ बमोजिमको गाउँपालिका स्तरीय निर्देशक समितिको मिति २०८३/०६/०५ गतेमा बसेको बैठकको निर्णय अनुसार नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सम्वन्धी ऐन, २०८१ को दफा ४ र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्न गरिबीको रेखामुनी रहेका, प्रकोपका कारण घरवार विहीन भएका घरपरिवारहरुले सुरक्षित आवास निर्माण आफैंले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्री खरिदको लागि र गरिवीको रेखामुनी रहेका, पराल वा खरको छाना भएका घरपरिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी सुरक्षित नागरिक आवास कार्यक्रम रहेको हुनाले "फुसको छाना हटाई जस्तापाता वितरण सम्बन्धी कार्यविधि, २०८३" बमोजिम सम्वन्धित वडा कार्यालय मार्फत १५ (पन्ध्र) दिने सूचना जारी गर्ने निर्णय भएकोले ऐ. कार्यविधिको अनुसूची ३ बमोजिमको निवेदन तथा तपसिलमा उल्लिखित कागजातहरुसहित १५ (पन्ध्र) दिनभित्र सम्बन्धित वडा कार्यालयमा पेश गर्नुहुन सरोकारवाला सबैलाई अनुरोध गरिन्छ। साथै म्याद समाप्त भए पश्चात प्राप्त हुने निवेदन उपर कुनै किसिमको कारवाही नहुने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल:

१. फुसको छाना वा यस्तै सामाग्रीले निर्माण भएको घरको छानाको फोटो,
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
३. जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि
४. आफ्नो नाममा जग्गाधनी प्रमाणपूर्जा नभएको लाभग्राहीले जग्गा धनीसँगको नाता कायम गरेको कागजात

२०८३/०६/०६
शारदा रिजाल
प्रशासकीय अधिकृत


aathraigaupalika1@gmail.com
aathraimun.gov.np
अध्यक्ष: ९८५२६८४७३३　उपाध्यक्ष: ९८४२४८८२८२　प्र. प्र. अ: ९८५२०६०३२२

अनुसूची-३

आठराई गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

संक्रान्तिबजार, तेह्रथुम।

दरखास्त/निवेदन पत्र

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
आठराई गाउँपालिकाको कार्यालय
संक्रान्तिबजार, तेह्रथुम।

विषयः जस्तापाता कार्यक्रम लाभग्राही छनौट गरीपाउँ भन्ने बारे।

महोदय,

प्रस्तुत विषयमा, तेह्रथुम जिल्ला आठराई गाउँपालिका वडा नं....... बस्ने श्री.......... नाति/नातिनी/बुहारी श्री...............................कि.............................छोरा/छोरी/पत्नी श्री.................................देहायको विषयमा स्वघोषणा सहित फुसको छाना विस्थापन/व्यवस्थापन विवरण कार्यक्रम छनौट गरीपाउँ भनी यो निवेदन पेश गरेको छु।

देहायः

(क)म र मेरो परिवारको सदस्यको नाममा यसै साथ फोटोमा पेश गरेको बाहेक अन्य घर छैन। ☐

(ख)मेरो घरको छाना........ खर/ढुङ्गा/झिगटी/स्याउला/पराल छाएको छ। ☐

(ग) म र मेरो परिवारको कुनै पनी सदस्य सरकारी वा गैरसरकारी निकायबाट नियमित मासिक तलब भत्ता पाउने गरी रोजगारीमा छैन। ☐

(घ) यस अघि मैले कुनैपनी निकायबाट घर निर्माण र सुधार अनुदान लिएको छैन। ☐

(ङ) मेरो परिवारको आर्थिक अवस्था कमजोर छ। ☐

(च) अनुदान पाउनका लागि कार्यविधि विपरित कुनै जालपाझ वा झुट्टा विवरण पेश गरेको छैन। ☐

मैले पेश गरेको विवरण ठिक साँचो हो। झुटा ठहरिए कानुन बमोजिम सहुला बुझौंला।

निवेदक

नामः.........

ठेगानाः .......

सम्पर्क नः......

दस्तखतः........